# दूर्वाष्टमी र अदु:ख नवमीको चर्चा



प्रा. तोयराज नेपाल

भाद्रशुक्ल अष्टमीलाई दूर्वाष्टमी व्रत भनिएको छ । यसबारे पुराण समुच्चयको वचन छ-

शुक्लाष्टमी तिथिर्या तु मासि भाद्रपदे भवेत् ।
दूर्वाष्टमी तु सा ज्ञेया नोत्तरा सा विधीयते ॥

अर्थात् यो अष्टमीको व्रत पूर्वविद्धा गर्नुपर्दछ, अर्थात् सप्तमीले युक्त अष्टमीका दिन गर्नुपर्दछ । उत्तरविद्धा तु न अर्थात् नवमी युक्त अष्टमीमा गर्नु हुँदैन । पाएसम्म यो व्रत ज्येष्ठा नक्षत्र र मूल नक्षत्र परेका दिनलाई छाडेर गर्नु उत्तम हुन्छ, नपाएमा त्यसमा पनि गर्नुपर्दछ । यो व्रत कन्याराशिमा सूर्य गएका बेलामा र अगस्त्य उदाइसकेपछि भने नगर्नू । यदि त्यस्तो पर्ने स्थिति भयो भने अगाडि नै अर्थात् भाद्र कृष्णाष्टमीमा नै गर्नू । यो व्रत स्त्री र पुरुष दुवैले गर्नुहुन्छ, तर नारीहरूको भने नित्य व्रत मानिएको छ । यसबारे भविष्य पुराणको वचन छ-

ब्रह्मन् भाद्रपदे मासि शुक्लाष्टम्यामुपोषित: । पूजयेच्छंकरं भक्त्या यो नर: श्रद्धयान्वित: । स याति परमं स्थानं यत्र देवस्त्रिलोचन: ॥ गणेशं पूजयेद्यस्तु दूर्वया सहितं मुनेऽफलानां सकलैर्दिव्यै- र्गन्धपुष्पैर्विलेपनै:। दूर्वां पूज्य तथेशानं मुच्यते सर्वपातकै: ॥ (याहाँ गणेश भनेर शिवजीलाई लिइएको छ ।) भविष्य पुराणअनुसार यसबारे यस्तो उपाख्यान छ । समुद्र मन्थन गर्ने क्रममा मन्दराचल पर्वत डुब्न लाग्दा भगवान्ले कूर्मावतार लिएर समुद्रमा डुबेको पर्वताई आफ्ना पिठिउँमा थामेर रगड्दा पनि मन्दराचल डुब्ने जस्तो भएकेले फेरि भगवान्ले अर्को विराट् रूप लिएर पर्वतलाई च्याप्प समाउनुभयो । त्यसबेला भगवान्का रौँ झरेर समुद्रका किनारमा तैरिए । पछि अमृत निस्कियो र त्यो अमृत तिनै रौँ माथि राखियो । अमृतको संसर्गले तिनै रौँ भूमिमा उम्रिएर फैलिए । त्यो दिन भाद्र शुक्ल अष्टमीको दिन थियो । त्यसैले दूवाको उत्पत्ति भएको दिन भएको हुँदा त्यस दिनलाई दूर्वाष्टमी भनिएको हो । त्यसदिन उपवास बसेर राम्ररी दूवो उम्रिएका ठाउँमा गएर शिवलिंग स्थपना गरी पहिले दियो, कलश र गणेशको पूजा गरी पाद्यादि सबै उपचारले दूवाको पूजा गर्नू । अनि पाद्यादि सबै उपचारका साथमा सेतो दूवो, हरियो दूवो र शमीले समेत शिवजीको पनि पूजा गर्नू । शिवजीको पूजा गर्ने मन्त्र नमस्ते रुद्र मन्यव...आदि प्रसिद्धै छन् । दूवाको पूजा गर्ने मन्त्र भविष्यपुराणमा यस प्रकार छ-

त्वं दूर्वे क्मृतजन्मासि वन्दितासि सुरैरपि । सौभाग्यं सन्ततिं देहि सर्वकार्यकरी भव ॥ यथा शाखा प्रशाखाभि-र्विस्तृतासि महीतले । तथा विस्तृतसन्तानं देहि त्वमजरामरे ॥ यस मन्त्रले दूवाको पूजा गर्ने। अनि विशेष छोगडा, नरिवल, बिमिरो, दही अक्षता आदि द्वारा शिवजीलाई अर्घ्य दिनुपर्दछ । यसरी पूजा गरेर ब्राह्मणहरूको पनि विभिन्न फलफूलद्वारा पूजा गर्नुपर्दछ । त्यसपछि दूवालाई र शिवजीलाई पनि प्रणाम गरेर त्यस दिन आगामा नपकाएको र नुन आदि नभएको हविष्य, फलफूलहरूको र दहीसमेत नैवेद्य अर्पण गर्नुपर्दछ र ब्रह्मणहरूलाई पनि त्यस्तै भोजन गराउनुपर्दछ । आफूले पनि त्यस्तै हविष्य भोजन गर्नुपर्दछ । घरमा नै दूवो ल्याएर पूजा गर्नू भन्ने पनि यौटा मत छ । जसरी भए पनि त्यस दिन दूवाको र शिवजीको पूजा गर्दा सम्पूर्ण पाप नाश भई यस लोकामा सुख, समृद्धि , असल सन्तति र अटल सौभाग्य प्राप्त गरी परलोकमा शिवसायुज्यसमेत प्रप्त हुन्छ ।

....

**अदु:ख नवम**

भाद्र शुक्ल नवमीलाई अदु:ख नवमी व्रत भनिन्छ । अदु:ख नवमीको व्रत उदयव्यापी तिथिमा गर्नुपर्दछ। यस विषयमा स्कन्द पुराणको वचन छ- नभस्ये शुक्लनवमी या वा पूर्णा तिर्भवेत् । अस्तदोषादिरहिता सर्वदु:ख हरा परा ॥ यसमा समस्त दु:खहारिणी भगवती गौरी माताको पूजा आरधना गर्नुपर्दछ। सम्पूर्ण दु: ख कष्टबाट मुक्त भई अनन्त सुख समृद्धि प्राप्त हुन्छ । अरू पूजामा जस्तै दियो कलश गणेशको पूजा गरी एउटा छुट्टै कलशमा प्रतिमामा गौरीको पूजा गर्नुपर्दछ । पूजा गरी नौ किसिमका पक्वान्न तथा फलफूलहरू नैवेद्य चढाउनुपर्दछ । अरू पूजामा जस्तै गरेर अन्त्यमा विशेष पाँचदाना नरिवल र नौ प्रकारका पक्वान्नसमेतको वायन (भेटी) दान गर्नुपर्दछ । सकेसम्म उपवास बस्नुपर्दछ, नसके पानीमात्र खाएर व्रत गर्दा हुन्छ । त्यो पनि नसके फलफूलहरु खाई व्रत गर्न सकिन्छ । रात्रिमा जाग्राम गरेर नाच गान गरी भगवतीको आराधना गरेर बिहान भएपछि उत्तरांग पूजा गरी विसर्जन गरेर शक्तिअनुसार सपत्नीक ब्राह्मणहरूलाई वस्त्र अलंकार समेतले पूजा गरी भोजन गराएर बन्धुवर्गसमेत आफूले पनि प्रसाद ग्रहण गर्दा समस्त दु:ख हटेर जान्छन् । यसरी नौ वर्षसम्म व्रत गरी अन्त्यमा उद्यापन गर्दा सम्पूर्ण दु:ख नष्ट भएर जान्छन् र सुख समृद्धि प्राप्त भई अन्त्यमा कल्याणमय मोक्ष पद समेत प्राप्त हुन्छ । यस विषयमा एउटा उपाख्यान यस प्रकार छ- अघि कुनै समयमा एउटी अप्सरा श्रापका कारण पशु योनिमा जन्म लिन पुगी । जसको नाम कुक्कुटी थियो । पूर्वजन्मका कुनै पुण्यका प्रभावले त्यसलई पूर्वजन्मको स्मरण भने हुन्थ्यो । त्यसकी मर्कटीनामकी यौटी साथी थिई । ती दुईटी जंगलमा दु:ख पूर्ण जीवन यापन गर्दै बसेका थिए । दैववश भाद्र शुक्ल नवमीका दिन कुक्कुटीले मर्कटीलाई भनी-हे सखी आज अदु:ख नवमीको दिन हो । त्यस कारण आज केही नखाएर व्रत बसौं , हाम्रा दु:ख नाश हुन्छन् । अनि मर्कटीले पनि हुन्छ भनेर दुबै जना व्रत बसे । दिन समाप्त भएपछि मर्कटीलाई भोकले ज्यादै सताएर व्रतको कुरा बिर्सिएर यताउती हेर्दा मुजुरका अण्डा भेटेर खाई । अनि मुख पखालेर उज्यालो मुख गर्दै कुक्कुटीका छेउमा आएर भोक लागेजस्तो गरी स्वाङ् पारेर बसी । मर्कटीले भनी-एसाथी तैंले केही खाएजस्तो छ नि ! हेर तेरो व्रत भ्रष्ट भयो । मैले भनेको मानिनस्, बरु मर्नुनि ! भनेर गाली गरी । कुक्कुटीले फेरि भनी अब हामी दुवै केदारनाथ भगवान्का शरणमा गएर प्राण त्याग गरौंभन्दा मर्कटीले पनि मानी । अनि कुक्कुटीले असल ब्राह्मका कुलमा जन्मन पाऊँ, भनेर र मर्कटीले रानी हुन पाऊँ भनी प्राण त्याग गरे । नभन्दै ब्राह्मणी र राजपत्नी भएर जन्मिए । कुक्कुटी ब्राह्मणीका पाँच भाइ छोरा भए भने मर्कटी रानीका छोरा भएनन् र बडो दु: ख भयो । तर दुवैलाई पूर्वजन्मको स्मरण हुन्थ्यो । मर्कटीले कुक्कुटीका छोराहरू मार्न लगाएर तिनका टाउका वायन (भेटी)का रूपमा कुक्कुटीलाई दिई । यता कुक्कुटीले अदु:ख नवमीमा भवगवतीको व्रत गरी । वायनका रूपमा साथीले दिएका आफ्ना छोराका टाउका अर्पण गरी । व्रतका प्रभावले भगवतीले ती काटिएका शिरबाट छोराहरू बचाइदिनुभयो र वायनका स्थानमा सुनका टाउका बनाइदिनुभयो । अनि ती कुक्कुटी ब्राह्मणीले आफ्ना पतिलाई दिएर आनन्द पूर्वक रहन थालिन् । उता मर्कटी रानीलाई आफूले मराएका कुक्कुटीका छोरा बाँचेको देखेर

डाह र दु:ख भयो । ऊ रुन लागी । पछि उसलाई पश्चात्ताप भयो र कुक्कुटी सँग गएर सबैकुरा भनी । कुक्कुटीले पनि उसप्रति वैरभाव नलिइकन तिनै छोराहरूद्वारा प्रायश्चित्त गर्न लगाई । मर्कटीले पनि प्रायश्चित्त गरेर अदु:ख नवमीका दिन भगवती गौरीको आाधना गरी । अनि भगवती प्रसन्न भएर मर्कटी रानीलाई पनि छोरा दिनुभयो । अनि अदु:ख नवमीका व्रतका प्रभावले दुवैको दु:ख दूर भई कुक्कुटी एवं मर्कटी दुवै आनन्द पूर्वक रहन थाले । त्यस कारण अदु:खनवमीका दिन श्रद्धा एवं भक्तिपूर्वक भगवती गौरीको आराधना गर्दा पशु योनिमा प्राप्त भएका कुक्कुटी र मर्कटी हरूको दु:ख हट्यो । अनि बाल हत्या एवं ब्रह्महत्या गर्ने मर्कटी जस्ता पापिनीलाई पनि भगवती माताले अनुकम्पा गरेर सम्पूर्ण दु:ख हटाएर सुख सम्पन्न गराउनु भएको हुँदा हामीले पनि यो अदु:ख नवमीको व्रत गरौं । भगवती गौरी माताले सम्पूर्ण दु:ख हटाएर यस लोकमा सुख समृद्धि प्रदान गरी परलोकमा कल्याणमय मोक्ष पदसमेत प्रदान गर्नुहुनेछ ।

ॐ हरये नम: ।

# प्रदेश १ को कोशी रिफ्रेसमेन्ट सेन्टर आयोजना अलपत्र

**हिमालय टाइम्स**
**काठमाडौं, २८ भदौ**

प्रदेश १ को राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको कोशी रिफ्रेसमेन्ट सेन्टर अलपत्र परेको छ । बजेट अभावका कारण सो राष्ट्रिय गौरवको आयोजना अलपत्र परेको हो । उक्त आयोजनाका लागि प्रदेश सरकारले बजेटको व्यवस्था नगरेपछि अलपत्र बन्न पुगेको कोशी रिफ्रेसमेन्ट सेन्टर, सुनसरीका आयोजना प्रमुख मिलन आचार्यले बताउनुभयो ।

आयोजना प्रमुख आचार्यले जग्गा अधिग्रहणसमेत सकेर संरचना निर्माणको चरणलाई पहिलो फेजमा अघि बढाइएको भए पनि बजेट अभावले रिफ्रेसमेन्ट सेन्टरको भविष्य अन्योलमा परेको जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणअन्तर्गत अहिलेसम्म मात्रै साढे ६ प्रतिशत काम भएको छ भने त्यसमा पनि पटक-पटक गरिँदै आइएको सर्भेले स्थानीयमा समेत अन्योलता बढाएको छ । उहाँले हतारमा प्रक्रिया थालिँदा कतिपय योजना डिपिआर नै भएका छैनन् जसले गर्दासमेत रिफ्रेसमेन्ट सेन्टर निर्माणको प्रक्रिया अघि बढ्नेमा दुविधा उत्पन्न गराएको बताउनुभयो ।

आयोजना प्रमुख आचार्यले भन्नुभयो, 'तत्कालीन मुख्यमन्त्री शेरधन राईसहित मन्त्रिमण्डलको सिंगो टोलीको उपस्थितिमा शिलान्यास गरिएको उक्त आयोजना यतिबेला भने अलपत्र बन्न पुगेको छ, जग्गा अधिग्रहणसमेत सकेर संरचना निर्माणको चरणलाई पहिलो फेजमा अघि बढाइएको भए पनि बजेट अभावले रिफ्रेसमेन्ट सेन्टरको भविष्य अन्योलमा परेको छ, पहिलो चरणअन्तर्गत अहिलेसम्म मात्रै साढे ६ प्रतिशत काम भएको छ भने त्यसमा पनि पटक-पटक गरिँदै आइएको सर्वेले स्थानीयमा समेत अन्योलता बढाएको छ, हतारमा प्रक्रिया थालिँदा कतिपय योजना डिपिआर नै भएका छैनन् जसले गर्दासमेत रिफ्रेसमेन्ट सेन्टर निर्माणको प्रक्रिया अघि बढ्नेमा दुविधा उत्पन्न गराएको छ ।'

त्यस्तै, कोशी गाउँपालिका, सुनसरीका अध्यक्ष एयुब अन्सारीले बजेट अभावलाई मुख्य कारण बताउने आयोजना कार्यालय इनरुवाले स्थानीयको साथ हुँदाहुँदै पनि सोचेअनुरूपको काम भने अघि बढाउन नसकिएको बताउनुभयो । उहाँले प्रदेश सरकारले चासो नदिएका कारण कोशी गाउँपालिकाको कार्यालय आयोजना बेवारिसे अवस्थामा पुग्न लागेको बताउनुभयो । रिफ्रेसमेन्ट सेन्टर परियोजनाअन्तर्गत कोशी कटानमा सुविधासम्पन्न होटल, सात तले कम्प्लेक्स, हेल्थपोष्ट भवन, पेट्रोलपम्प, बसपार्क, भ्युटावर, स्विमिङ पुल र लिफ्टसहितको आकाशे पुललगायत संरचना निर्माण गरिनेछ । दुई चरणमा निर्माण कार्य थाल्ने गरी सुरु भएको परियोजनाअन्तर्गत पहिलो चरणमा अहिलेसम्म जग्गा अधिग्रहण र माटो पुर्नेबाहेक अन्य कुनै पनि काम हुन सकेको छैन ।

# व्यक्तिगत स्वार्थ पूर्ति नहुँदा जगदम्बामा तोडफोड

**सञ्जीव कुमार मिश्रा/हिटा**
**बारा, २८ भदौ**

व्यक्तिगत स्वार्थ पूर्ति नहुनेहरूको उक्साहटमा जगदम्बा स्टिल उद्योग सिमरामा तोडफोड भएको सरोकारवालाले बताएका छन् । प्रदूषण फैलाएको भन्दै स्थानीय बासिन्दाले जगदम्बा स्टिल उद्योगमा तोडफोड गर्दै ठूलो क्षति पुऱ्याएपछि गृह मन्त्रालयले गठन गरेको टोलीसमक्ष सरोकारवाहरूले आफ्नो धारणा राख्ने क्रममा तोडफोड हुनुको प्रमुख कारण व्यक्तिगत स्वार्थ भएको स्पष्ट पारेका हुन् ।

गृह मन्त्रालयका सहसचिव टेकराज निरौलाको नेतृत्वमा सत्यतथ्य बुझ्न बाराको सिमरामा आइपुगेको छानबिन टोलीले विगत तीन दिनदेखि घटनाबारे जाँचपडताल जारी राखेको छ । टोलीले छानबिनको क्रममा स्थानीय बासिन्दा, विभिन्न राजनीतिक दलका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधि, उद्योगमा कार्यरत मजदुर, कर्मचारी, सुरक्षाधिकारी, सञ्चारकर्मी लगायतसँग छलफल गर्दै उनीहरूको रायसुझाव संकलन गरेको थियो ।

टोलीलाई सुझाव दिने क्रममा सरोकारवालाले जगदम्बाले मात्र नभई वीरगञ्ज पथलैया औद्योगिक करिडोरमा रहेका अधिकांश उद्योगले प्रदूषण फैलाएको बताएका थिए । उद्योगबाट निस्केको प्रदूषणविरुद्ध आवाज उठाउनेलाई दबाउन उद्योग प्रशासनले चुन्द्रेमुन्द्रेलाई पैसा खर्च गर्दै आएको उनीहरूको भनाइ छ ।

सिमरामा जगदम्बा स्टिल, हुलास स्टिल, हामा स्टिल, अशोक स्टिलसहितका उद्योगले व्यापक रूपमा प्रदूषण फैलाएको र बस्तीलाई असर पुऱ्याउने काम गर्दै आएको सरोकारवालाहरूले बताएका छन् । सरकारी निकायले प्रदूषण फैलाउने उद्योगको अनुगमन गरी कारबाही नगर्दा उनीहरूको मनोबल बढ्दै गएको गुनासो सरोकारवालाले गरेका छन् । बदमासी गर्ने उद्योगलाई कारबाही नगरिँदा सरकारको ध्यानाकर्षण गराउन स्थानीयले जगदम्बामा तोडफोड गरेको सिमराका अविनाश आचार्यले दाबी गर्नुभयो ।


## Shivasatakshi Municipality
### Office Of The Municipal Executive
### Province No.1, Jhapa

**Invitation for online Bids**

**Date of Publication : 2078/05/29 (14-sep-2021)**
**Last Date of Bid Submission: 2078/07/03(20-oct-2021)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the procurement of following procurement under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID NO | Name of Procurement | Estimated Amount Without VAT | Bid Security NRs | Document Fee NRs. |
|---|---|---|---|---|
| SM/NCB/02/ 2078/089 | Procurement of Agricultural equipments | 52,80,000 | 1,32,000 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website **www.bolpatra.gov.np/egp**.
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank** : Mega Bank Nepal LTD , Birtamod branch
**Name of Office** : Shivasatakshi Municipality
**Office Account no.** : 3140010000128

4. Pre-bid meeting shall not be conducted
5. Electronic bids must be submitted to the office through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 on **2078/07/03 (20-oct-2021)** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, **2078/07/03(20-0ct-2021)**. at the office of Shivasatakshi Municipality, province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. **3140010000161 on behalf of** Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting to a minimum as mentioned above shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**


# नेपाली चियाको ट्रेडमार्क लिने उद्यमीको संख्या बढ्दै

**प्रकाश नपाल/हिटा**
**इलाम, २८ भदौ**



अन्तर्राष्ट्रिय बजारमा नेपालको उत्पादन भएको चिया आफ्नै ट्रेडमार्कमा निर्यात गर्ने उद्देश्यले नेपाली चियाको ट्रेडमार्क लिने उद्यमीको संख्या बढेको छ । अघिल्लो वर्षबाट वितरण सुरु भएको 'नेपाल टी क्वालिटी फ्रम दि हिमालयज' नामक ट्रेडमार्क लिने उद्यमीको संख्या २४ पुगेको हो । नेपाली चियाको ट्रेडमार्क पाउने उद्योगको संख्या २४ पुगेको छ ।

गत वर्ष १२ उद्योग र बिक्रेताले 'नेपाल टी क्वालिटी फ्रम दि हिमालयज' नामक ट्रेडमार्क पाएका थिए । यस वर्ष थप १२ जनाले ट्रेडमार्क पाएसँगै उद्योगीको संख्या २४ पुगेको हो । इलाम, पाँचथर र मोरङका चिया उद्योग र बिक्रेतालाई ट्रेडमार्क दिइएको हो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक डा. विष्णुप्रसाद भट्टराई र सूर्योदय नगरपालिकाका प्रमुख रणबहादुर राईले यस वर्ष संयुक्तरूपमा ट्रेडमार्क हस्तान्तरण गर्नुभएको हो । अर्गानिक प्रमाणीकरण भएका इलामका १०, पाँचथरका एक र मोरङको एक उद्योगले यस वर्ष ट्रेडमार्क पाएका छन् ।

बोर्डले दुई वर्षअघि चियाको ट्रेडमार्क कार्यान्वयनमा ल्याएको थियो । ट्रेडमार्क प्रयोग गर्न चियाको अन्तिम उत्पादकले राष्ट्रिय चिया तथा कफी विकास बोर्डले तोकेको मापदण्ड पूरा गरी बोर्डमा आवेदन गर्नुपर्छ । तोकिएको मापदण्ड शतप्रतिशत पूरा गरेका उद्योगले मात्रै ट्रेडमार्क पाउने इलाम सदरमुकामका चिया बिक्रेता हरि गुरुङको भनाइ छ ।

बोर्डले हरेक वर्ष चिया उत्पादकका लागि ट्रेडमार्क प्रयोग गर्नेबारे आवेदन खुलाउछ र अघिल्लो वर्ष पाएको ट्रेडमार्क हरेक वर्ष नवीकरण गराउनुपर्ने प्रावधान छ । ट्रेडमार्क कार्यान्वयनका लागि 'नेपाल अर्थोडक्स चिया सर्टिफिकेसन ट्रेडमार्क कार्यान्वयन निर्देशिका-२०७४' बनेको छ । प्रकृति जोगाउने, मानिसलाई आदर गर्ने, स्वच्छ तथा सबैले देख्ने गरी उत्पादन गर्न सक्ने र गुणस्तरमा ध्यान दिएको हुनुपर्ने गरी चार शर्त निर्देशिकामा व्यवस्था छ । माटोको परीक्षण, लगाइएका श्रमिकको अधिकार कार्यान्वयनमा पनि निर्देशिकाले उल्लेख गरेको छ । चियालाई अर्गानिक प्रमाणीकरण गरी विश्व बजारमा नेपाली चियाको बजार विस्तारमा ट्रेडमार्क कोसेढुंगा सावित हुने सरोकारवालाको भनाइ छ ।

**तेस्रो मुलक चिया निर्यात गर्ने उद्योग समस्यामा**

हवाई र पानीजहाज भाडा वृद्धिले नेपालमा उत्पादन भएको अर्गानिक चिया तेस्रो मुलुक निर्यात गर्ने उद्योगहरू समस्यामा परेका छन् । तीन सय प्रतिशतसम्म भाडा वृद्धिले नेपालमा उत्पादन भएको चिया तेस्रो मुलुकमा निर्यात गरी अन्य देशको चियासँग प्रतिस्पर्धामा समस्या परेको हो । अर्गानिक चिया उत्पादन गर्ने नेपालका ६ वटा चिया उद्योगले तेस्रो मुलुकका बजारमा नेपाली अर्गानिक चिया पुऱ्याएर बिक्री गर्दै आएका छन् । उद्योगीले अन्तर्राष्ट्रिय बजारमा ३० प्रतिशत हवाईजहाज र ७० प्रतिशत पानीजहाजबाट चिया पुऱ्याउने गरेका हुन् ।

कोरोना माहामारी अघि युरोपेली देशमा हवाईजहाजबाट प्रतिकिलो तीन सय रुपैयाँमा ढुवानी हुँदै आएको नेपाली चिया अहिले प्रतिकिलो एक हजार दुई सय पुगेको छ । २० फुटको लम्बाइको एक कन्टेनर चिया युरोप ढुवानीमा दुई हजार तीन सय डलर लाग्दै आए पनि अहिले ६ हजार ६ सय डलर पुगेको हो ।

बन्दरगाह नभएको देशका उद्योगीलाई निर्यातमा परेको अतिरिक्त भारले प्रतिस्पर्धी क्षमता खस्कँदा नेपाली उद्योग धराशायी हुने गोर्खा टि स्टेटका सञ्चालक उदय चापागाईंले बताउनुभयो । नेपालमा उत्पादन भएको चिया झापाको काँकडभिट्टाबाट कन्टेनरमा लोड गरी भारतको कलकत्ता बन्दरगाहबाट युरोपका देशमा पानीजहाजबाट निर्यात गरिन्छ ।

झापाको काँकडभिट्टासम्म नेपाली सवारीसाधनबाट चिया ढुवानी हुन्छ । पानीजहाजबाट चिया ढुवानीका लागि नेपाली व्यवसायीले भारतीय सवारीसाधन र कन्टेनरको प्रयोग गर्छन् । तर, युरोप चिया ढुवानीका लागि कलकत्ताबाट कम संख्यामा पानीजहाज सञ्चालन हुँदा अहिले ठाउँ नै पाउन समस्या रहेको उद्योगीको भनाइ छ । नेपालको इलाम, पाँचथर र धनकुटाका ६ उद्योगले अर्गानिक प्रमाणीकरण भएको तीन लाख किलो नेपाली चिया युरोपका बजारमा बिक्री हुन्छ । नेपालमा उत्पादन भएको चिया बढी मात्रामा जर्मनीका सहरहरूमा बिक्री हुने गरेको छ ।

CMYK